# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## क्षेत्रीय आर्थिक तथा वित्तीय स्थायित्व प्रवर्द्धनमा जोड, अर्को सिसन सम्मेलन पपुवा न्यु गिनीमा हुने

(४९ औं सिसन गभर्नर्स सम्मेलन तथा बोर्ड अफ गभर्नर्स बैठक काठमाडौंमा सम्पन्न)

दक्षिण पूर्वी एसियाली केन्द्रीय बैंकहरूको संगठन : सिसन (South East Asian Central Banks : SEACEN) को ४९ औं गभर्नर्स सम्मेलन तथा ३३ औं गभर्नर बैठक २०७० साल मंसिर ८ गते काठमाडौंमा सम्पन्न भयो । तीन दिनसम्म चलेको सो सम्मेलनको उद्घाटन मंसिर ६ गते प्रमुख अतिथि सम्माननीय राष्ट्रिपति डा. रामवरण यादवले गर्नुभएको थियो ।




सिसन सङ्गठनमा १९ देशहरू नेपाल, भारत, चिन, मंगोलिया, द.कोरिया, ताइवान, कम्बोडिया, भियतनाम, लाओस, म्यानमार, श्रीलङ्का, थाइलैन्ड, मलेसिया, इन्डोनेसिया, सिंगापुर, फिलिपिन्स, ब्रुनाई, पपुवा न्यु गिनी र फिजीका केन्द्रीय बैंक तथा मौद्रिक अधिकारी संस्था सदस्यका रूपमा रहेका छन् । सो सम्मेलनमा उपर्युक्त देशका केन्द्रीय बैंक तथा मौद्रिक अधिकारी संस्थाका गभर्नर वा तिनका प्रतिनिधिहरु, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक, बैंक फर इन्टरनेसनल सेटलमेन्ट, एसियाली विकास बैंक, बैंक अफ इङ्लैन्ड, बैंक अफ जापान, Deutshe Bundesbank लगायतका अन्तर्राष्ट्रिय संस्थाका प्रमुख तथा प्रतिनिधिहरूले पर्यवेक्षकका रुपमा भाग लिएका थिए ।

उद्घाटन समारोहमा प्रमुख अतिथि सम्माननीय राष्ट्रपति डा. रामवरण यादव, माननीय

अर्थमन्त्री शंकरप्रसाद कोइराला, अन्तर्राष्ट्रिय मुद्रा कोषका डेपुटी मेनेजिङ डाइरेक्टर तथा Key Note Speaker Mr. Naoyuki Shinohara, गभर्नर डा. युवराज खतिवडा, सिसनका अध्यक्ष बैंक अफ मंगोलियाका गभर्नर Mr. Naidansuren Zoljargal, वरिष्ठ डेपुटी गभर्नर गोपालप्रसाद काफ्ले लगायतले सम्बोधन गर्नुभएको थियो ।

उद्घाटन समारोहपछिका विभिन्न व्यावसायिक सत्रमा मुख्य रुपमा **समावेशी आर्थिक वृद्धिका लागि वित्तीय क्षेत्र विकास** (Financial Sector Development Strategy for Inclusive Growth) विषयमा केन्द्रित रही कार्यपत्र प्रस्तुति तथा छलफल गरिएको थियो । जस अन्तर्गत पहिलो सत्रको गोलमेच छलफल गभर्नर डा. युवराज खतिवडाको अध्यक्षतामा सम्पन्न भएको थियो भने विश्व बैंकका देशीय निर्देशक Mr. Johannes Zutt ले प्रमुख वक्ताका रूपमा वार्ता प्रस्तुत गर्नुभएको थियो ।

सो क्रममा वित्तीय क्षेत्र विकास रणनीतिसँग सम्बन्धित विभिन्न मुद्दाहरुका विषयमा बैठकको सुरुमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठले प्रकाश पार्नुभएको थियो । सो सत्रमा विभिन्न देशका केन्द्रीय बैंकका गभर्नर तथा अन्य अतिथिहरुले आआफ्नो धारणा राख्नुभएको थियो ।

यसै गरी दोस्रो सत्रमा **क्षेत्रीय तथा अन्तर्राष्ट्रिय वित्तीय मुद्दाहरू** विषयमा छलफल तथा विचार विमर्श भएको थियो । उक्त सत्रको अध्यक्षता म्यानमारका गभर्नर Mr. U Kyaw Kyaw Maung

ले गनुभएको थियो भने मुख्य वक्ताका रूपमा अन्तर्राष्ट्रिय मुद्रा कोषका निर्देशक Mr. Odd Per Brekk रहनुभएको थियो ।

यसै गरी दोस्रो दिनको पहिलो उच्च स्तरीय सेमिनारमा New Financial Architecture, Macroprudential Regulation and Supervision for Financial Stability and Growth विषयमा Bank Indonesia का डेपुटी गभर्नर Dr. Perry Warjiyo को अध्यक्षतामा सम्पन्न भएको थियो भने सो विषयका मुख्य वक्ता बैंक फर इन्टरनेसनल सेटलमेन्टका General Manager Mr. Jaime Caruana रहुनभएको थियो भने वार्ताकारका रुपमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर महाप्रसाद अधिकारी र मनिटरी अथोरिटी अफ सिंगापुरका Managing Director Mr. Ravi Shankar Menon रहनु भएको थियो ।

उच्च स्तरीय सेमिनारको दोस्रो सेसनका रुपमा **आर्थिक वृद्धिका लागि समावेशी वित्तका उदीयमान सवालहरू** (Emerging Issues on Inclusive Finance for Growth) विषयमा बैंक अफ थाइलैन्डका गभर्नर Dr. Prasarn Trairatvorakul को अध्यक्षतामा उच्च स्तरीय सेमिनार सम्पन्न भएको थियो भने मुख्य वक्ताका रूपमा एसियाली विकास बैंकका वित्त तथा जोखिम व्यवस्थापन उपाध्यक्ष Mr. Thierry de Longuemar रहनुभएको थियो । सो सेमिनारमा फिलिपिन्सका गभर्नर Mr. Amando M. Tetangco, Jr. तथा रिजर्व बैंक अफ फिजीका गभर्नर Mr. Barry Trevor Whiteside ले वार्ता प्रस्तुत गर्नुभएको थियो ।

सोही क्रममा सिसन सङ्गठनको बोर्ड अफ गभर्नर्स बैठक मंसिर ७ गते सम्पन्न भएको छ । यस बैठकले सिसनका विभिन्न मुद्धाहरुका विषयमा छलफल गरी पारित गर्ने काम गर्दछ । सो बैठकमा सिसन सङ्गठनमा नयाँ सदस्य प्रदान गर्ने सम्बन्धी प्रावधान सम्बन्धमा, सिसनको वित्तीय स्रोत र सोको व्यवस्थापन लगायतका विषयमा छलफल भएको थियो । सो बैठकले ५० औं सिसन गभर्नर्स सम्मेलन तथा ३४ औं बोर्ड अफ गभर्नर बैठक Bank of Papua New Guinea मा आयोजना गर्ने निर्णय समेत गरेको थियो ।

## गभर्नर डा. खतिवडा विभिन्न बैठक तथा भेटघाटमा

सिसन सम्मेलन तथा बैठकको क्रममा गभर्नर डा. युवराज खतिवडा र सिसन सङ्गठनका केन्द्रीय बैंकका गभर्नर, अन्तर्राष्ट्रिय आर्थिक तथा वित्तीय संस्थाका प्रमुख तथा प्रतिनिधि लगायतका व्यक्तित्वहरूबीच द्विपक्षीय भेटघाट तथा छलफल सम्पन्न भएका थिए । यस क्रममा पिपल्स बैंक अफ चाइनाका गभर्नर Mr. Zhou Xiaochuan सँगको बैठकमा पारस्पारिक चासोका विषयमा भेट तथा छलफल भएको थियो । सो भेटमा उहाँहरूबीच चिनिया ट्रेजरीमा लगानीको सहमति नवीकरण गर्ने र सीमा अभिवृद्धि गर्ने, वित्तीय जानकारी एकाइलाई सुदृढीकरण गर्ने, वित्तीय क्षेत्र स्थायित्वका लागि सुपरिवेक्षण क्षमता अभिवृद्धि गर्ने, दुई मुलुकबीचमा बैंकिङ कार्य बढाउने तथा चिनिया बैंकले नेपालमा शाखा खोल्ने, चिनमा बैंकिङ तालिमको अवसर बढाउने लगायतका विषयमा छलफल भएको थियो ।

यसै गरी गभर्नर खतिवडा र बैंक फर इन्टरनेसनल सेटलमेन्टका महाप्रबन्धक Mr. Jaime Caruana सँग पनि बैठक तथा छलफल भएको थियो । सो क्रममा उहाँहरुबीच नेपालको वित्तीय क्षेत्र सुपरिवेक्षणलाई सुदृढीकरण गर्न सहयोग अभिवृद्धि गर्ने सम्बन्धमा छलफल भएको थियो ।

सम्मेलन सुरु हुनु पूर्व गभर्नर खतिवडा तथा एसियाली विकास बैंकका Vice President Mr. Thierry De Longuemar एवम् अन्तर्राष्ट्रिय मुद्रा कोषका डेपुटी मेनेजिङ डाइरेक्टर Mr. Naoyuki Shinohara सँग पनि बैठक सम्पन्न भएका थिए । यसै गरी गभर्नर डा. खतिवडा र कोषका कार्यकारी निर्देशक Mr. Wimboh Santoso तथा सिसन सेन्टरका कार्यकारी निर्देशक Mr. Hookyu Rhu बीच समेत छुट्टाछुट्टै बैठकहरू सम्पन्न भएका थिए ।



सम्मेलनको क्रममा सिसन ट्रष्ट फन्ड तथा Draft Press Communique का समेत बैठकहरु सम्पन्न भएका थिए ।

सम्मेलनपश्चात् पाहुनाहरुलाई भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनी भ्रमण तथा सर्वोच्च शिखर सगरमाथाको दृश्यावलोकन गराइएको थियो ।

नेपाल राष्ट्र बैंकले २६ वर्षपछि यस प्रकारको सम्मेलन आयोजना गर्ने अवसर प्राप्त गरेको हो । यस अघि सन् १९८७ मा सिसन सम्मेलन तथा बोर्ड अफ गभर्नर्स बैठक नेपालमा आयोजना गरिएको थियो ।

सम्मलेनबाट सिसन सदस्य बैंक तथा विश्व वित्तीय प्रणालीसँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरुसँगको मित्रता अभिवृद्धि भएको, नेपालको प्राज्ञिक, शैक्षिक तथा व्यवस्थापकीय क्षमता एवम् कौशल पहिचानमा सहयोग पुगेको र क्षेत्रीय मञ्चहरुमा नेपालको पहुँच बढ्दै जाने आशा गर्न सकिन्छ ।

यसैबीच गभर्नर डा. खतिवडाले अति व्यस्त दिनचर्याका बाबजुद पनि उद्घाटन सत्रमा सहभागी भई सारगर्भित सम्बोधन गरिदिनुभएकोमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादव, माननीय अर्थमन्त्री शंकरप्रसाद कोइरालाज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै सिसनको उक्त अन्तर्राष्ट्रिय सम्मेलनलाई सफल बनाउन आफ्नो तहबाट सहयोग पुऱ्याउनु हुने बैंक कर्मचारी, सुरक्षा समूह, सञ्चारकर्मी लगायत सम्पूर्ण संघसंस्था तथा महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभएको छ ।

**गभर्नरको कार्यालय**

मिति २०७० मंसिर १० गते, सोमबार